**प्रेस विज्ञप्ति**

**२०८० जेठ ४**

**द्वन्द्वको समयमा यौनहिंसामा परेका उत्तरजीवीहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी संक्रमणकालीन न्याय प्रक्रियालाई गति देऊ**

नेपालमा एक दशकसम्म चलेको सशस्त्र द्वन्द्वका समयमा गरिएका यौनहिंसाका सबै पीडित र उत्तरजीवीहरू सत्य, न्याय, परिपूरण तथा अपराध नदोहोरिने प्रत्याभूतिको अपेक्षा गरिरहेका छन् र एड्भोकेसी फोरम, द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल, ह्युमन राइट्स यान्ड जस्टिस सेन्टर, लिगल एड एन्ड कन्सल्टेन्सी सेन्टर नेपाल, नागरिक आवाज र द स्टोरी किचन द्वन्द्वमा हुने यौन हिंसाको उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा पीडितहरूसँग ऐक्यबद्धता व्यक्त गर्दछन् ।

सशस्त्र द्वन्द्वका समयमा गरिएका अन्य अधिकार उल्लंघनभन्दा विपरीत यौनहिंसाका घटनाका बारेमा पीडितहरूले सामाजिक प्रतिष्ठा गुम्ने डर तथा कुनै प्रभावकारी उपचारको अभावका कारण उजुरी नदिने वा कमै मात्र उजुरी दिने गरेका छन् । यौनहिंसाका पीडितहरू अन्तरिम राहत कार्यक्रमबाट निरन्तर वञ्चित भइरहेका छन् । सत्यनिरूपण तथा मेलमिलाप आयोगमा अहिलेसम्म यौनहिंसाका ३१० जना पीडितले मात्र उजुरी दायर गरेका छन् भने पीडित समूहहरूले लगभग तीन हजारदेखि पाँच हजार महिलामाथि सशस्त्र द्वन्द्वको समयमा बलात्कार तथा यौनहिंसा गरिएको अनुमान गरेका छन् । न्यून संख्यामा उजुरी आएको भए पनि सत्यनिरूपण तथा मेलमिलाप आयोगले पीडितहरूलाई कानूनी उपचार दिने उद्देश्यका साथ एउटा घटनामा पनि अनुसन्धान गरेको छैन ।

तथापि हामी संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले पारित गरेका प्रस्ताव नम्बर १३२५ र १८२० लाई कार्यान्वयन गर्नका लागि हालै सरकारले पारित गरेको दोस्रो राष्ट्रिय कार्ययोजनाको स्वागत गर्दछौं । यस कार्ययोजनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई दिइने राहत र परिपूरणमा जोड दिएको छ । पहिलो कार्ययोजनाको कार्यान्वयनका क्रममा पीडितहरूलाई राहत, परिपूरण तथा न्याय उपलब्ध नगराइएको यथार्थबाट पाठ सिक्दै दोस्रो राष्ट्रिय कार्ययोजनाको लक्ष्य हासिल गर्नका लागि पीडितहरूको सञ्जाल तथा नागरिक समाज संगठनहरू लगायतका सबै सरोकारवालालाई परिचालन गरी दोस्रो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका नेपाल सरकारले उपाय अपनाउनुपर्छ । दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि संक्रमणकालीन न्यायसँग सम्बन्धित कानूनहरूको संशोधन, स्रोतसाधनको विनियोजन तथा विभिन्न सरोकारवालाबीचको समन्वय पनि आवश्यक पर्दछ ।

त्यसैले दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै हामी सरकारलाई निम्न उपायहरू अपनाउन आग्रह गर्दछौं :

१) संक्रमणकालीन न्यायलाई नेपालको अन्तर्राष्ट्रिय दायित्वअनुकूल हुने गरी तथा यसलाई लैंगिक रूपमा मैत्रीपूर्ण बनाउन र यौनहिंसाका पीडितहरूलाई सत्य, न्याय एवं परिपूरण उपलब्ध गराउन सक्षम बनाउने गरी संशोधन गर्ने,

२) यौनहिंसाका घटनाको जाहेरी दिनका लागि तोकिएको हदम्यादको व्यवस्थालाई खारेज गर्ने,

३) दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोतसाधन उपलब्ध गराउने लगायतका उपाय अपनाउने ।